# खसीको दूध



अकबर वीरबलको कथा

एक दिन सभा सुरु हुनासाथ अकबरले भारदारहरुतिर हेर्दै सोधे, 'मलाई खसीको दूध कसले ल्याइदिन सक्छ ?' । भारदारहरुले खासखुस गरे तर कसैले पनि म ल्याउँछु भनेनन् । संयोगवश वीरबल आइपुगेका थिएनन् । एउटा छुस्केले राजाको कान फुक्यो, 'जस्तोसुकै काम पनि गर्न सक्ने त वीरबल छँदैछन् नि । आज त्यो काम पनि दिइहेरुँ न सरकार ।' छुस्के भारदारहरुको कुरा अकबरलाई ठीकै लाग्यो । उनी वीरबल आउने प्रतिक्षा गर्न थाले । केहीबेरमै वीरबल टुप्लुक्क आइपुगे। अकबरले आदेश दिए 'वीरबल ! भोली तिमीले सभामा आउँदा खसीको दूध लिएर आउन पर्ने छ ।' वीरबलले छुस्के भारदार र सन्काहा बादशाहको चाल बुझिहाले ।

'हुन्छ सम्राट् ! भोलिचाँहि नहुन सक्छ, यो समय लाग्ने कुरा हो तर कुनै न कुनै दिन ल्याउँला ।' वीरबलले भनिदिए । उनको कुरा सुनेर सबै भारदार चकित परे।

भोलिपल्ट राजसभामा महत्वपूर्ण निर्णय हुनुपर्ने थियो तर वीरबल आएनन् । पर्सिपल्ट पनि वीरबल आएनन् । यसरी तीनचार दिन बित्यो । वीरबल नभए राज्यसभाको शोभा त यसै हुँदैनन्थ्यो त्यसमा पनि कुनै मुद्धाका किनारा लगाउन पनि गाह्रो पर्दथ्यो । अकबरले एक जना मन्त्रीलाई बोलाए र वीरबललाई डाक्न पठाए । मन्त्री वीरबललको घरमा पुग्दा उनकी छोरी बाबुको पाइजामालाई ढोकामै राखेर पछारिरहेकी थिइन् ।

'नानी ! बाबा खै त ?' मन्त्रीले सोधे।

'बाबा त सुत्केरी हुनुभएको छ ।' वीरबलकी छोरीले जवाफ दिइन् ।

'कस्तो मजाक गरेकी भन न कहाँ जानु भो ?' मन्त्रीले फेरि सोधे ।

'मलाई सुत्केरी बाबाको कपडा पछारेर फुर्सद छैन तपाई काममा बाधा नहाल्नुहोस् ।' उनी खुरु खुरु कपडा पछारिरहिन् । ती मन्त्रीले त्यही कुरा दरबारमा पुऱ्याए । अकबर चकित परे । उनी आफैं वीरबलको निवासमा गए । वीरबलकी छोरीले राजालाई अभिवादन गरिन् र कपडा पछार्न थालिन् । राजाले वीरबल खै भन्दा मन्त्रीलाई दिएकै जवाफ दिइन् । अकबर हैरान भए र भने, 'पुरुष पनि कहीँ सुत्केरी हुन्छन् ?'

वीरबलकी छोरीले पनि जवाफ दिइन्, 'खसीको पनि कहीं दूध हुन्छ सम्राट ?'

अकबरले रहस्य बुझे । उनले वीरबलकी छोरीको सामुन्नेमा कान समात्दै भने, 'मैले गल्ती गरे अब त बाबालाई बोलाऊ ।' वीरबल हाँस्दै बाहिर आए ।

'वीरबल ! लौ खसीको दूधको प्रकरणमा पनि तिमीले नै जित्यौ ।' दुवैजना हाँस्दै दरबारतिर लागे ।

# भीड



**सुप्रंस पौडेल**

(व्यङ्ग्य कविता)

अदालत जाँदिन भन्छ,
कानुन मान्दिन भन्छ ।

न्याय आफैं दिन्छु भन्छ,
सम्मान जबर्जस्त माग्छ ।

अरुको काम मन पर्दैन
आफूचाहिँ काम गर्दैन ।

अर्काले गरेको पत्याउँदैन,
गल्ती गरेको सच्याउँदैन ।

हे भीड,
तेरो उद्देश्य के हो ?
देशमै केही गर्छु भन्नेलाई
गरिखान त देओ ।

*मनहरी-५, मकवानपुर*

# मेरो देश नेपाल



**आलोक कुमार राम**



हिमालको काखमा रहेको मेरो देश नेपाल हो । मेरो देश नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० छ । नेपाल भारत र नेपालको बीचमा रहेको छ । प्राकृतिक सुन्दरताले भरिएको मेरो देशमा एक सय २३ जातजाति, एक सय २६ भाषाभाषी र १० भन्दा बढी धर्म मान्ने मानिसको बसोबास रहेको छ । नेपाललाई भौगोलिकरुपमा हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजन गरिएको छ ।

जनश्रोतको धनी मुलुक नेपालमा हजारौं पर्यटक प्राकृतिक सौन्दर्यको अवलोकन गरी आनन्द लिन आउँछन् । नेपाल बहुभाषी, बहुधर्मी, बहुजातीय मुलुक हो । नेपाल एसिया महादेशमा पर्छ । नेपालको झण्डा त्रिभुज आकारको छ । भौगोलिक विविधताका दृष्टिले नेपाल सम्पन्न छ । तराई प्रदेशमा गर्मी हुन्छ भने पहाडी भुभागमा शितल हावापानी छ भने हिमालमा सेताम्मे हिउँ देख्न सकिन्छ । हावापानीको विविधतासँगै वनस्पती र पशुपन्छीमा पनि विविधता छ ।

नेपाल औद्योगिक तथा साँकृतिक दृष्टिकोणले धनी देश हो । विश्वको सर्वोच्च दश वटा हिमालहरु मध्ये नेपालमा आठ वटा हिमालहरु छन् । ती मध्ये विश्वको सबैभन्दा अग्लो हिमाल सगरमाथा जसको उचाई ८८४८.८६ मिटर रहेको छ । त्यो हिमाल पनि हाम्रै देश नेपालमा रहेको छ । मेरो देशको राष्ट्रिय चरा डाँफे हो । राष्ट्रिय जनावर गाई हो । नेपालको राष्ट्रिय फुल लालिगुराँस हो । मेरो देश नेपालको राष्ट्रिय गीत 'सयौं थुँगा फुलका हामी एउटै माला नेपाली' हो । यस गीतका गीतकार प्रदीप कुमार राई हुन् । जसलाई हामी ब्याकुल माईला पनि भन्ने गर्छौं । राष्ट्रिय गानमा संगीत भर्ने व्यक्ति अम्बर गुरुङ हुन् ।

नेपाल धार्मिक सहिष्णुता भएको देश हो । जहाँ एक धर्मको व्यक्तिले अर्को धर्मको व्यक्तिलाई सम्मान गर्छ । त्यसैले अहिलेसम्म धर्मको नाममा कहिले द्वन्द्व फैलिएको छैन । विश्वभरि शान्तिका कुरा तथा एसियाका तारा गौतम बुद्धको जन्मभूमि पनि नेपाल नै हो । जलविद्युत उत्पादनको सम्भाव्यताका दृष्टिकोणले नेपाल विश्वको दोस्रो ठुलो मुलुक हो । यद्यपि नेपालको जलस्रोतको उपयोग पर्याप्त भएको देखिएको छैन । नेपालमा करिब ८३ हजार मेगावाटसम्म विद्युत उत्पादन गर्न सक्ने क्षमता छ । तर अहिलेसम्म करिब दुई हजार पाँच सय मेगावाट विद्युत उत्पादन भइरहेको छ । नेपाललाई समुद्रले छोएको छैन । तर यहाँ थुप्रै नदिहरु छन् । नेपालले अहिलेसम्म कसैको सामु शिर झुकाएको छैन । प्राकृतिक सुन्दरता र भौगोलिक विविधताले भरिएको नेपाल अहिलेसम्म कसैको गुलाम भएर बाँचेको छैन । धेरै वीरहरु जस्तै बलभद्र कुँवर, अमरसिंह थापाका कारण अहिले नेपाल शब्द विश्वभरिमा फैलिन सफल भएको छ ।

प्राकृतिक सुन्दरता र भौगोलिक दृष्टिकोणले धनी मेरो देशमा ७७ वटा जिल्ला, ७ वटा प्रदेश र सात सय ५३ पालिकाहरु छन् । नेपाल जलस्रोत, प्राकृतिक सुन्दरताले भरिएको स्वर्ग जस्तै हो । यहाँ विभिन्न प्रकारका जातजाति, भाषा धर्म भए तापनि धर्मको नाममा अहिलेसम्म झगडा भएको पाइँदैन । नेपाल कृषिप्रधान देश हो । जहाँका अधिकांश मानिसहरु खेतिपाती पशुपालन गरी आफ्नो जिवन चलाउँछन् । विश्वभरि प्रख्यात रुपमा शत्रु अगाडि कहिले पनि शिर नझुकाउने व्यक्ति तथा वीरहरु वीर गोर्खाली पनि नेपालकै हुन् । यिनै वीरहरुका कारणले नै नेपालले अहिलेसम्म शिर झुकाएको छैन । नेपालको राजधानी काठमाडौं हो । नेपालका पशुपतिनाथ मन्दिर, जानकी मन्दिर, स्वयम्भु नाथको मन्दिर आदि प्रख्यात छन् । हिमालको काखमा रहेको मेरो देशमा धार्मिक सहिष्णुताका धेरै उदाहरणहरु पाउन सकिन्छ । उदाहरणका लागि जनकपुरमा रहेको जानकी मन्दिर भित्र एउटा मस्जीद रहेको छ । हामी सबै एक हौं, हामीले धर्मको नाममा झगडा गर्नु हुँदैन भन्ने उदाहरण नेपाल बनेको छ । म आफ्नो प्रिय देशलाई माया गर्छु । हामी सबैले आ आफ्नो देशको माया गर्नु पर्छ ।

*कक्षा-९,*
*श्रमिक मावि, हेटौंडा-४, कर्रा ।*

# शैक्षिक क्षेत्रमा वनकरिया समुदायको प्रगति



**सम्झना वनकरिया**

मेरो नाम सम्झना वनकरिया हो । मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-४, मसिनेको वनकरिया वस्तीमा ३३ जना बालवालिकाहरु विद्यालय जान्छन् । हाम्रो विद्यालयको नाम श्री पशुपतिनाथ माध्यमिक विद्यालय हो । हाम्रो वनकरिया वस्तीबाट विद्यालय पुग्न आधा घन्टा लाग्छ । विद्यालय जान सक्ने जान्छन् र जान नसक्ने साना साना नानी-बाबुहरुलाई सन्तोषी वनकरियाले नजिकैको वनकरिया समुदायिक भवनमा पढाउँछन् ।

पहिलेको समयमा हाम्रा आमा-बुबाहरुले राम्ररी वसोवास गर्न र राम्रा खान, लाउन पनि पाउने थिएनन् र शिक्षा नपाई अशिक्षित भई बसेका थिए । शिक्षित नभएका कारण बालबच्चा धेरै जन्माएर बस्थे । जसले गर्दा खान, लगाउन र बस्न धाउ-धाउ थियो । त्यसकारण गिट्ठा, भ्याकुर, तरुल खोजखाज गरी खाएर बस्न् पर्थ्यो । शरीरमा महिलाको चौबन्दी चोली, फरिया र पुरुषले धोती, कन्दनी लगाउँथ्यो । खेतिपाती भनेको के हो थाहा पनि थिएन । जहाँ पुग्छ त्यहिँ जाने । जहाँ मृत्यु भयो त्यहीँ पुर्ने र ठाउँ सर्ने गर्थे । बालबच्चाहरुलाई दश, एघार बर्षको उमेर मै बिबाह गराइदिन्थे । चामलको भात देख्न, खान पाएका थिएनन् भने अहिले धेरै सुधार र परिवर्तन भएको छ ।

सबै वनकरियाहरु खेतिपाती, पशुपालन व्यवसाय गर्न थालेका छन् । सबै बालबालिका पढ्न लेख्नलाई जाने गर्छन् । हरेक व्यक्ति शिक्षित भइसकेका छन् । पहिलेको हेरि अहिले धेरै भन्दा धेरै परिवर्तन र सुधार भइसकेको छ । आ-आफ्नो घर र खेति-बारी रहेको छ । आ-आफ्नो खेतको धान, मकै, तरकारीहरु उपभोग गर्न पाएका छन् । हाम्रा आमाबुबाले नपाएको शिक्षा हामीले पाएका छौँ । हामी धेरै भाग्यमानी छौँ । गाउँमा जन्मिएर राम्रो शिक्षा हामीले पाएका छौं । हाम्रा आमा-बुबाले जस्तो हामीले दुख भोग्नु परेको छैन । मलाई यस्तो लाग्छ वनकरियाबस्ती योभन्दा अझै सुधार होस् र वनकरिया जाति अघि बढ्न सकुन् ।

*कक्षा-११,*
*मकवानपुर बहुमुखी क्याम्पस*

# मेरो विद्यालय



**मनिष तिमल्सिना**


मेरो विद्यालयको नाम शारदा माध्यमिक विद्यालय हो । मेरो विद्यालयमा कक्षा नर्सरीदेखि कक्षा १२ सम्म पढाई हुन्छ । मेरो विद्यालय धेरै राम्रो छ । उच्चस्तरको शिक्षा प्राप्त गर्न सकिन्छ । हाम्रो विद्यालयमा खेलकुदका लागि धेरै ठूलो चौर पनि छ । मेरो विद्यालय मेरो घरबाट एक किलोमिटर टाढा छ । मेरो विद्यालयका सबै शिक्षक धेरै राम्रो र योग्य, विद्वान छन् । मेरो विद्यालयमा सरसफाइमा विशेष ध्यान दिइन्छ । क्यान्टिन, पुस्तकालय, कम्प्युटर ल्याब, शुद्ध खानेपानी र शौचालयको व्यवस्था पनि राम्रो छ ।

विद्यालय यस्तो ठाउँ हो । जहाँ मानिसले सीप सिक्न, पढ्न, शिक्षा र ज्ञान लिन सकिन्छ । मेरो विद्यालयमा उच्च शिक्षा दिनुका साथै राम्रोसँग पढ्न पनि सकिन्छ । मेरो विद्यालयमा बालबालिकालाई धेरै राम्रो शिक्षा दिइन्छ । मेरो विद्यालयमा कक्षाकोठा राम्रो छ । हरेक कक्षामा झ्याल र ढोकाको व्यवस्था छ । मेरो विद्यालयको ठाउँ-ठाउँमा डस्बिन राखिएको छ । मेरो विद्यालयका सर-मिसहरु सबैजना अनुभवी हुनुहुन्छ ।

मेरो विद्यालय अनुशासनको पक्षमा सबल भएकोले गाउँपालिकाबाट पुरस्कृत भएको थियो । गाउँपालिकाबाट धेरै राम्रो छ भनेर मेरो विद्यालयलाई पुरस्कृत गरेको हो । विद्यालयमा भएका सबै विद्यार्थीहरु विभिन्न जातजातिका छन् । उच्च शिक्षाका साथ मेरो विद्यालयमा अनुशासित विद्यार्थीहरु छन् । मेरो विद्यालयमा सबै विद्यार्थीहरु टाढा-टाढाबाट आएर मिहिनेतका साथ पढ्ने गरेका छन् । मैले पनि एसइइ उत्तीर्ण गरेर अहिले कक्षा ११ मा मकवानपुर बहुमुखी क्याम्पसमा अध्ययनरत छु । म मेरो विद्यालय जीवन बितेको शारदा माविलाई सदैव सम्झिरहनेछु ।

*कक्षा-११,*
*मकवानपुर बहुमुखी क्याम्पस*

# माता पिता



**सर्फराज अन्सारी**

माता स्वर्ग हो, पिता त्यो स्वर्गको द्वार ।
माता जन्म दिन्छिन्, पिता जीवन दिन्छन् ।
माता अमुल्य दुध खुवाउँछिन् ।
पिता हिँड्न र डुल्न सिकाउँछन् ।

माता अनमोल मोति झैं टल्किन्छिन्,
पिता त्यो मोतिको चमक बनेर आउँछन् ।
पिताको नरहे साथ, को दिन्थ्यो होला ?
माता नरहे जिवनमा मायाको दिन्थ्यो होला ?

माता पिताको खुसी सन्तानमै हुन्छ,
जब सन्तान सफलताको शिखरमा पुग्छ ।
पिता पर्वतको टुपो झैं उभिन्छन्,
माता हावाको वेग झैं उड्न थाल्छिन् ।

माता पिता सन्तानका दु:ख सुखका साथी हुन् ।।
माता आफ्नो सुन्दरता सन्तानमै सार्छिन्,
पिता आफ्नो सन्तानका लागि आफ्नो खेसिनै बिर्सीन्छन ।
पिताको काखमा बसेर हुर्केको त्यो सन्तान,

आज पिता के हो भनी थहा छैन ।
माताको पेट्मा फुल झैं झुलेको त्यो सन्तान,

आज माताको महत्व के हो भनी थाहा छैन ।
माता स्वर्ग हो पिता त्यो स्वर्गको द्वार ।
माता जन्म दिन्छिन्, पिता जिवन दिन्छन् ।।

*कक्षा-११,*
*हेटौंडा स्कुल अफ म्यानेजमेन्ट*

# मुक्तक



**बिबिसा रुम्बा**

१
नेपाल हाम्रो स्वच्छ प्रकृतिको सुन्दरता भएको देश ।
सगरमाथाको उच्च शिखर क्या राम्रो फेश
संसारकै सबैभन्दा फरक हामी
सुहाउँदो झकल अति राम्रो भेष ।।

२
विद्यार्थी हुँ म पढ्ने लेख्ने मेरो काम
मिहिनेतले पढ्ने हो आज विस्तारै कमाउँला नि दाम ।।
दुनियाँले जेसुकै भनोस् संघर्षले लड्ने हो ।
सफलताको उच्च शिरमा चलाउने हो नाम ।।

३
झरि सरि आँखामा आँसु पार्दैछु आज
जिवन उकालो हैन ओरालो झर्दै छ आज ।।
गरिबीले जिवन बाध्यतामा पऱ्यो ।
सोचेको सपनाहरु एक-एक मर्दै छ आज ।

*शारदा माध्यमिक विद्यालय,*
*मकवानपुरगढी गाउँपालिका*

# हरियाली वन जंगल



**रोमिश्का सुनुवार**

हरियाली वन जंगल हामीले जोगाउनुपर्छ
वरिपरी बोटबिरुवा सधैं रोप्नुपर्छ
अक्सिजनको मात्र पनि यसैबाट पाउँछौं
प्राणीलाई उपयोगी जडीबुटी यहीबाट ल्याउँछौ ।।

घर बनाउन काठपात वन जंगलबाट उपलब्ध हुन्छ
यसैबाट मानिसलाई धेरै फाइदा हुन्छ
हराभरा वन जंगल पानीको मुहान
विश्वभरी फैलाइ दिन्छ समृद्धिको सान ।।

हरियाली वन जंगल नेपालको धन
यसैबाट निर्वाह हुन्छ मानिसको तन
कृषि उपज वनजंगल आम्दानीको खानी
यसैमा छ मानव रुपी भविष्यको जिन्दगानी ।।

*कक्षा: ५ 'मुन'*

तपाईका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए

sambridhasamaj@gmail.com

समृद्ध समाज राष्ट्रिय दैनिक

म.जि.प्र.का दर्ता न:
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ८९ २०७९ फगुन ६ गते शनिबार 18 February 2023, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## प्रदेश नीति तथा योजना आयोगले पूर्णता पायो

हेटौंडा: बागमती प्रदेश सरकारले प्रदेशको नीति तथा योजना आयोगलाई पूर्णता पाएको छ। शुक्रबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशको नीति तथा योजना आयोगमा दुईजना सदस्य मनोनित गरेसँगै आयोगले पूर्णता पाएको हो । प्रदेश सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले आयोगको सदस्यमा डा. दिपेन्द्र श्रेष्ठ र डा.जयन्त खनाललाई नियुक्त गरेको जानकारी दिनुभयो। बैठकले प्रदेशमा खर्च कटौतीको प्रस्ताव पनि पारित गरेको छ । बैठकले निजामती कर्मचारीसम्बन्धी कानून निर्माणका लागि २ वटा प्रतिस्थापन विधेयकहरु प्रदेशसभा बैठकमा लैजाने निर्णय गरेको छ। बैठकले प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवासम्बन्धी प्रतिस्थापन विधेयक र स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धी प्रतिस्थापन विधेयक संसदमा लैजाने निर्णय गरेको हो ।

# प्रदेश सरकारले समुदाय लक्षित अनुदान दिन्छ: मुख्यमन्त्री जमकट्टेल

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशको मुख्यमन्त्री शालिकराम जमकट्टेलले बामगती प्रदेश सरकारले समुदाय लक्षित अनुदान मात्र दिने बताउनुभएको छ। शुक्रबार हेटौंडामा आयोजित नेपाल बीउ व्यवसायी संघ बागमती प्रदेश समितिको चौथो वार्षिक साधारणसभालाई सम्बोधन गर्नुहुँदै उहाँले व्यक्तिलाई नगद अनुदान दिने काम रोक्ने बताउनुभएको छ ।

बागमती प्रदेश सरकार उत्पादनको क्षेत्रमा नयाँ ढंगले अगाडि बढ्ने उहाँले बताउनुभयो । बागमती प्रदेश सरकारले प्रदेशका मकवानपुर, चितवन, धादिङ, नुवाकोट र काभ्रेमा कृषी बीउ पकेट क्षेत्र निर्माण गर्ने गरी तयारी अगाडि बढाएको उहाँले बताउनुभयो । उहाँले प्रदेश सरकारले किसानहरुलाई आवश्यक तालिम दिने बताउनुभएको छ। किसानले उत्पादन गरेको बीउको उचित मुल्य तोकिने उहाँले बताउनुभयो । मुख्यमन्त्री जमकट्टेलले



मुख्यमन्त्री शालिकराम जमकट्टेल

विकासको मोडेल परिवर्तन गर्नुपर्ने बताउनुभयो । प्रदेश सरकार टुक्रे योजनाहरुमा बजेट विनियोजन नगर्ने पक्षमा रहेको बताउनुहुँदै आवश्यकतामा आधारित विकास गर्नुपर्ने मुख्यमन्त्री जमकट्टेलले बताउनुभयो । बजेट छरेर नभई केन्द्रीकृत गरेर विकास गर्नुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा बोल्नुहुँदै बागमती प्रदेश सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्री केशव पोखरेलले रैथाने बीउको संरक्षण गर्नुपर्ने बताउनुभएको छ । उहाँले प्रदेश भित्रका कृषकहरुलाई सहज रुपमा मल उपलब्ध गराउने बताउनुभएको छ । मलका लागि अहिले कार्ययोजना तयार पारिरहेको उहाँले बताउनुभयो। प्रदेशभित्र रहेका किसानहरुलाई व्यावसायिकताको आधारमा वर्गीकरण गरी किसान परिचयपत्र वितरण गर्ने व्यवस्था छिटो मिलाइने उहाँले बताउनुभयो ।

यस्तै, बीउ व्यवसायी संघ बागमती प्रदेशका अध्यक्ष सुवास कुमार धितालले परीक्षण भएको बीउको मात्र विक्री वितरण गर्न पाउनुपर्ने बताउनुभएको छ । अहिले बजारमा आउने अधिकांश बीउ बिना परीक्षणको हुने भएकाले सबै बीउको परीक्षण हुनुपर्ने उहाँले बताउनुभयो। उहाँले बीउविजनको खुद्रा विक्रेतालाई तालिमको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

## अखिलको केन्द्रमा मकवानपुरका ४ जना

समाज संवाददाता

हेटौंडा: नेकपा एमालेको भातृ संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) को केन्द्रमा मकवानपुरका ४ जना निर्वाचित भएका छन्।

शुक्रबार बिहान सम्पन्न मतगणनाअनुसार मकवानपुर जिल्लाबाट स्थायी कमिटि सदस्यमा किशन घिसिङ, केन्द्रीय सदस्यमा विशाल पौडेल, भुवन मैनाली, आयोग सदस्य प्रनिर पौडेल निर्वाचित हुनु भएको छ । २३ औं महाधिवेशनअन्तर्गत भएको निर्वाचनबाट अखिलको अध्यक्षमा समिक बडाल निर्वाचित हुनु भएको छ ।

## हार्दिक आभार



निर्माण व्यवसायी संघ मकवानपुरको २३ औं वार्षिक साधारणसभा तथा ११ औं अधिवेशनबाट मलाई महासचिव पदमा सर्वसम्मत निर्वाचित गराउनुहुने व्यवसायी सदस्यहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । व्यवसायी मित्रहरुको हकहितका लागि आफ्नो कार्यकाल सफलताका साथ पूरा गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

राजेन्द्र चौलागाई, महासचिव

**निर्माण व्यवसायी संघ मकवानपुर**

**हेटौंडा, मकवानपुर**

## राप्रपा मकवानपुरको सचिवालय गठन

समाज संवाददाता

हेटौंडा: राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपाल मकवानपुरको विस्तारित बैठक सम्पन्न भएको छ। शुक्रबार बसेको बैठकले २५ सदस्यीय सचिवालय गठन गरेको राप्रपा नेपाल मकवानपुरका जिल्ला सचिव भृगु कार्कीले जानकारी दिनुभयो ।

बैठकले पार्टी जिल्ला अध्यक्ष गुरुप्रसाद सापकोटाको नेतृत्वमा २५ सदस्यीय सचिवालय गठन गरेको छ । यस्तै सचिवालयको सदस्य सचिवमा जिल्ला सचिव भृगु कार्की चयन हुनुभएको छ । कार्कीका अनुसार रिक्त रहेका दुई पद जिल्ला कोषाध्यक्षमा टक्कर थापा र हेटौंडा नगर सचिवमा विशाल भण्डारीलाई चयन गरिएको छ । बैठकले यही फागुन २० गते बृहत प्रशिक्षण कार्यक्रम गर्ने निर्णय गरेको कार्कीले जानकारी दिनुभयो।

## लागुऔषधसहित दुईजना पक्राउ

# विद्यालय नजिकै अटोमा गाँजा बरामद

समाज संवाददाता

हेटौंडा: लागुऔषधसहित मकवानपुर प्रहरीले दुईजनालाई पक्राउ गरेको छ । शुक्रबार बिहान ५ बजेको समयमा हेटौंडा-१०, बसपार्कस्थित रोशन होटलबाट बारा जिल्लाको निजगढ नगरपालिका-७ की २८ वर्षीया सुस्मा तिमल्सिना र मकवानपुर जिल्लाको हेटौंडा उपमहानगर पालिका-८, कमानेका ३८ वर्षीय जंग बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको हो ।

उनीहरुको साथबाट प्रहरीले लागुऔषध कोडिविल १०० मिलिलिटरका ५० बोतल बरामद गरेको छ। तामाङ र तिमल्सिनाले प्रयोग गर्ने ना ३७ प ६७०३ नम्बरको मोटरसाइकल पनि नियन्त्रणमा लिएको प्रहरीले जानकारी दिएको छ । लागुऔषध कारोबार भइरहेको भन्ने सूचनाका आधारमा प्रहरीले होटलको कोठामै पुगेर छापा मारेको हो । लागुऔषधसहित पक्राउ परेका दुवैजनालाई प्रहरीले हिरासतमा राखी अनुसन्धान गरिरहेको जनाएको छ ।

यस्तै हेटौंडा-१, चाइनाक्वार्टरस्थित अमर मावि नजिकै प्रहरीले लागुऔषध गाँजा बरामद गरेको छ। शुक्रबार बिहान ७ बजेको समयमा ना १ ह ८९६६ नम्बर को अटोमा प्रहरीले लागुऔषध गाँजा २५ केजी ७ सय ग्राम बरामद गरेको हो । विशेष सूचनाको आधारमा प्रहरीले रोकिर ाखेको अटोबाट गाँजा बरामद गरेको हो । प्रहरीले अटो चालक भने पक्राउ गर्न सकेको छैन । अटो चालकको खोजी कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# कविता प्रतियोगितामा समर्पण प्रथम

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आयोजना तथा श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानको व्यवस्थापनमा आयोजित कविता प्रतियोगितामा समर्पण न्यौपाने प्रथम हुनुभएको छ। शुक्रबार आयोजित शहीद विषयक कविता प्रतियोगितामा स्वस्तिका दहाल द्वितीय, रुपक घलान तृतीय हुँदा इलिसा पराजुली, कृतिका लौडारी र सरोज कुमार साह सान्त्वना हुनुभएको छ। प्रथमलाई सात हजार पाँच सय रुपैयाँ, द्वितीयलाई पाँच हजार पाँच सय रुपैयाँ, तृतीयलाई तीन हजार पाँच सय रुपैयाँ तथा सान्त्वना हुने तीनजनालाई जनही एक हजार रुपैयाँ नगदसहित प्रमाणपत्र वितरण गरिएको छ। कार्यक्रममा साहित्यकार तुल्सी थापा, तुलसी घिमिरे, आरसी रिजाल, रमेशमोहन अधिकारी र तीर्थदेवी सिलवाललाई सम्मान गरिएको छ । प्रतिष्ठानका अध्यक्ष ईन्द्रप्रसाद नेपालको अध्यक्षता तथा पूर्वसांसद केदार न्यौपानेको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।






# विशेषण



सरोजप्रसाद साह

कस्तो, कत्रो, कति, कुन उत्तरमा आउने विशेषण हुन्
सार्वनामिक, संख्याबोधक, परिमाणबोधक र गुणबोधक मुख्य चार विशेषण
रातो, अग्लो, बाठो, पीरो, पच्चीस आदि विशेषण हुन्
कस्तो, कत्रो, कति, कुन
कस्तो, कत्रो, कति, कुन उत्तरमा आउने विशेषण हुन्



गुणबोधकले गुण, दोष आदि सबै जनाउँछ
रङ्ग, स्वाद, स्वभाव, छाँट, बानी बताउँछ
आकार, समय, स्थान, वस्तु र जाति जनाउँछ
कस्तो, कत्रो, कति, कुन
कस्तो, कत्रो, कति, कुन उत्तरमा आउने विशेषण हुन्

परिमाणबोधकले, परिमाण र मात्रा जनाउँछ
धेरै, थोरै, अलिकति, प्रशस्तलाई समाउँछ
यति, उति, भनेर छलकपट देखाउँछ
कस्तो, कत्रो, कति, कुन
कस्तो, कत्रो, कति, कुन उत्तरमा आउने विशेषण हुन्

सङ्ख्याबोधक विशेषणले, सङ्ख्या-क्रम बुझाउँछ
एक, सयौं, दोब्बर, पहिलो, दोस्रोलाई मित्र बनाउँछ
औंला हेर्दै गनेर, हामीलाई मूर्ख बनाउँछ
कस्तो, कत्रो, कति, कुन
कस्तो, कत्रो, कति, कुन उत्तरमा आउने विशेषण हुन्

सार्वनामिक विशेषणमा, सर्वनाम विशेषण बन्दछ
यो घर, त्यो घर, यी किताब भन्दै सबलाई हसाउँछ
कस्तो, कत्रो, कति, कुन
कस्तो, कत्रो, कति, कुन उत्तरमा आउने विशेषण हुन्

नाम र सर्वनामको अगाडिमा रमाउँछ
नामको विशेषता सबैलाई बताउँछ
हाँसीहाँसी सबैलाई परीक्षामा घुमाउँछ
कस्तो, कत्रो, कति, कुन
कस्तो, कत्रो, कति, कुन उत्तरमा आउने विशेषण हुन्



# मुक्तक



भावना न्यौपाने

१
रित्तो गोजी हेरी दिनरात रोको छु हिजोआज
आँसुको ढिक्काले मुख धोको छु हिजोआज
बेरोजगारीले सताइरहेको छ खै कसलाई सुनाउँ ?
एक दानो अन्न छैन घरमा भोको छु हिजोआज ।।

२
चाहेर पनि कहिल्यै कमाउन सकिन धन
आफ्नाहरुले नै छियाछिया पारिसके मन
छन् गेडीसबै मेरी छैनन् गेडी सबै टेडी
त्यसैले अचेल मैले गुमाइसके आफनोपन ।।

३
कुल्चिएका मेरा तस्वीर छुने छौ एकदिन
मेरो यादले पागल जस्तै हुनेछौ एकदिन ।
किन विश्वासको नाममा घात गरी छोड्यौ ?
निस्वार्थ प्रेमलाई सम्झेर रुने छौ एकदिन ।

*शारदा माध्यमिक विद्यालय,*
*मकवानपुरगढी गाउँपालिका*

# वीर-गोर्खाली



गृष्मा खतिवडा

रगतको इतिहास हाम्रो वीर गोर्खालीको
मनमा चुक्दैन निशाना कहिल्यै तीरको

खस्न दिएनन् आज कहिल्यै नेपाली शिरको
विश्वभरि नाम चल्छ हाम्रो गोर्खाली वीरको

डराएनन् कहिल्यै आफूलाई वीर बनाए
जति आए दुश्मन टुक्रा टुक्रा बनाए

युद्धको मैदानमा रगतको खोला बगाए
नेपाली झुक्न सक्दैनन् भन्दै आँट नै जगाए

रातो र चन्द्र सूर्य हाम्रो नेपालीको सान
फरक हाम्रो झण्डा सकेनन्, टुक्राएर लान

बनाए देशलाई राखी ज्यानलाई पछाडी
यही विरताले त चिनिए हाम्रो वीर गोर्खाली ।

*कक्षा ८, नवोदय शिशु सदन*

# मेरो देश नेपाल



सफल चौलागाई

मेरो प्यारो नेपाल हो देश
धेरै छन् इाहा संस्कृति र भेष ।।
परम्परा र संस्कृतिले भरिएको देश ।
सगरमाथा उच्च रहेको मेरो देश ।।

विस्तारै अघि बढ साथी लाग्ला है कतै ठेस् ।
घोडा सरी अघि बढ्नु छ जिन्दगीको रेश ।।
मेरो प्यारो नेपाल हो देश ।
मेरो प्यारो नेपाल हो देश ।।

*कक्षा-६,*
*रेडरोज इंग्लिस सेकेण्डरी स्कूल,*
*हेटौंडा-१६, हटिया*

# आमा



चिराग डङ्गोल

नौ महिना कोखमा राखी संसार देखाउनु भयो
आमाले हुर्काई मलाई ठूलो बनाउनु भयो
धन्यवाद आमा यति धेरै गर्नलाई
आफू लडेर पनि दिनुभएन लड्न मलाई ।।

ताते ताते भनेर बोल्न सिकाउनु भयो
मेरो हात डोर्‍याएर हिँड्न सिकाउनु भयो
मेरो पहिलो शिक्षक बनिदिनु भयो
मेरो पहिलो साथी बनिदिनुभयो ।।

ठूलो भएपछि धेरै प्रगति गर्नेछु
म माथिको धेरै ऋण तिर्ने प्रयास गर्नेछु
आमा हुनुहुन्छ हजुर महान्
आमा हुनुहुन्छ हजुर भगवान्

*कक्षा ८, नवोदय शिशु सदन*

## गाउँखाने कथा

१. तराईमा जग छ, पहाडमा गारो,
हिमाल छ छानु,मन्दिर प्यारो ।
- नेपाली

२. तरुल भन्छन् खान हुन्न,
इँटजस्तो छ गारो लाउन हुन्न ।
- नेपालको नक्सा

३. सानी–सानी सुकुमाइ घ्याम्पाजत्रो
पेट, कहाँ बसी मोटाइस् भीर,
पहरा, लेक ।
- किर्नु/किरा

४. सानैमा हरियो छिप्पिँदा रातो,
मलाई खाने मान्छेको लिन्छु सातो ।
- खुर्सानी

५. सानो खम्बाको एकातिर सियो
अर्कोतिर मियो, सियो अचल हुन्छ,
रोटी बनाउँदै घुम्छु ।
- कम्पासको वृत्त

# नेपाल



आदर्श बोम्जन

नेपाल हाम्रो देश कति राम्रो हिमाल पहाडले घेरेर
विदेशी पनि रमाउँछन् मेरो देशलाई हेरेर
म त राख्छु यो देशलाई मेरो मायाले बेरेर
नेपाल आमाको काखमा हुर्किदैछु म लुटिपुटि गर्दै खेलेर ।।

पहाड, मदेश, हिमाल सबै मेरो घरबाट
सबै जात सबै वर्ग मेरो परिवार
म त बाँच्छु यो देशको सच्चा छोरा भएर
चिनाउनेछु मेरो देशलाई जतातर्तै गएर

बिर्सिन्न म कहिले नेपालको माया म जहाँ गएनी
लड्ने छु म देशको लागी मलाई जे जे भएनी
नेपाल हाम्रो देश कति राम्रो हिमाल पहाडले घेरे
विदेशी पनि रमाउँछन् मेरो देशलाई हेरेर ।।

*कक्षा: ४ 'तारा'*
*बालजागृति इङ्गलिस सेकेण्डरी स्कुल*

# साताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५



**मेष राशि**: भेटघाटमा समय व्यतित होला। धार्मिक र पारस्परिक क्षेत्रको सामूहिक नेतृत्व लिनुपर्ने हुन्छ। नयाँ ज्ञान प्राप्त हुने समय छ। व्यापार–व्यवसाय मध्यम छ। साँझेदारी र मित्रवत कामबाट लाभ प्राप्त होला। अध्ययन–अध्यापन ठिकै रहला। सानो प्रयासले नतिजा प्राप्त होला। सामाजिक काममा सरिक भइने छ।

**वृष राशि**: समय ठिकै छ। राम रमाइलो र प्रेम प्रसङ्गमा भुलिनु पर्ला। समय संघर्षमय छ आँट र हिम्मतले काममा पूर्णता होला। शारीरिक स्वस्थता प्राप्त हुनेछ। चोटपटकबाट बच्दा राम्रो। गोप्य योजना सफल होला। संकट क्षेत्रमा सुधार होला। व्यापार–व्यवसाय मध्यम छ। पढाइ– लेखाइ ठिकै छ।

**मिथुन राशि**: समय एकान्तमा रमाइने र मन फुकाएर आफ्ना कुरा राख्न सकिने छ। हर्ष र खुशीको वातावरण देखा पर्नेछ। घरायसी काम र रमझममा समय व्यतित होला। व्यक्तित्वमा निखार आउला। आफन्त टाडिन सक्छन्। उपहार र मनोरञ्जनात्मक समय व्यतित होला। पढाइ–लेखाइ ठिकै छ। धार्मिक काममा सरिक भइने समय छ।

**कर्कट राशि**: शत्रु, रिसराग र स्वास्थ्यस्थितिप्रति सचेतना अपनाउनु होला। न्याय, प्रशासन र सुरक्षाको जिम्मेवारी थपिने योग छ। व्यापार–व्यवसायबाट लाभ प्राप्त होला। सामाजिक र आध्यात्मिक कामबाट लाभ होला। वैदेशिक प्रयोजनका कामबाट लाभ प्राप्त। पढाइ–लेखाइ मध्यमकारक छ।

**सिंह राशि**: ज्ञान र सीप बाँडेर लिने हो। साहित्यिक, बौद्धिक तथा प्राज्ञिक गतिविधिमा सरिक भइने छ। स्वास्थ्य सबल रहला। कारोबारमा फाइदा होला। आत्मबल र सामर्थ्य प्राप्त हुनेछ। व्यापार–व्यवसायमा सुधार होला। अध्ययन–अध्यापन ठिकै छ। महत्वकांक्षा बढ्ने समय छ।

**कन्या राशि**: घरायसी समस्याका बारेमा चिन्तन बढ्ला। व्यापार–व्यवसाय मध्यमकारक रहला। कामकाजको व्यस्ततामा दिन बित्ने छ। वैदेशिक योगबाट लाभ होला। सामाजिक र धार्मिक काममा सरिक भइने समयको योग छ। अध्ययन– अध्यापन ठिकै रहला। बोलीमा बिचार पुर्‍याउँदा राम्रो होला।

**तुला राशि**: सामाजिक र साँस्कृतिक अनि धार्मिक काममा सरिक भइने छ। पराक्रम र प्रसिद्धि आर्जन होला। बुद्धिकौशलले काममा पूर्णता होला। मनोरञ्जन र यात्रा होला। व्यापार–व्यवसायबाट लाभ होला। बोली र कामले सबै प्रभावित होलान्। स्वास्थ्यस्थिती त्यति सबल नहोला।

**वृश्चिक राशि**: समय ठिकै छ। आध्यात्मिक सामाजिक काममा सरिक भइने छ। आर्थिक अवस्थामा सुधार होला। भविष्यको सुनिश्चितताका लागि लगानी बढाउनु पर्ला। व्यापार–व्यवसाय ठिकै छ। अध्ययन–अध्यापन ठिकै होला। जागिरमा स्थानान्तरणको समयको योग छ।

**धनु राशि**: नयाँ योजना कार्यान्वयन होला। अवसर र आम्दानीको थप स्रोत फेला पर्ला। श्रमको समुचित मूल्यांकन हुने छ। प्रयत्नले काममा सफलता। मित्र र सहयोगीले सहयोग गर्नेछन्। इच्छाशक्ति बढ्ला। दायित्व र जिम्मेवारी बोध होला। काममा प्रगति होला तर जिद्धीपन त्यागनुपर्ला।

**मकर राशि**: भावनालाई नियन्त्रण गर्दा राम्रो। व्यापार–व्यवसायका काममा हिसाबकिताब र लेनदेनमा सतर्कता अपनाउँदा राम्रो हुन्छ। मन अस्थिर होला। सामाजिक र परोपकारी काममा मन जाला। अध्ययन–अध्यापन मध्यमकारक रहला। परम्परित कामबाट मन शान्त होला।

**कुम्भ राशि**: समय ठिकै छ। आर्थिक स्तरमा सुधार आउला तर खर्चको मात्रा बढ्ने समय छ। नोकरी र व्यापारबाट लाभ होला। आफन्तको सहयोग प्राप्त हुनेछ। आध्यात्मिक र परम्परित कामबाट लाभ होला। नोकरीमा काममा अलमल होला। उपहारले सम्बन्धमा प्रगाढ होला। अध्ययन–अध्यापनका कामहरु पूर्ण हुनेछन्।

**मीन राशि**: नकारात्मक कुराहरु नियन्त्रण गर्दा राम्रो। रोकिएका कामहरु बन्नेछन्। बुद्धि कौशल र आध्यात्मिक कामले लाभ प्राप्त होला। घमण्ड बढ्नाले शारीरिक र मानसिक आघात होला। आवेग र भावनालाई नियन्त्रण गर्दा राम्रो। व्यापार–व्यवसाय ठिकै छ। पढाइ–लेखाइ मध्यम छ।

## श्री त्रिभुवन माध्यमिक विद्यालय
(प्राविधिक शिक्षालय)
हेटौंडा उपमहानगरपालिका–११, मकवानपुर

**पुस्तक आपूर्तिका लागि सम्पर्क राख्ने सम्बन्धी सूचना**

*(सूचना प्रकाशित मिति: २०७९/११/०६ गते)*

प्रस्तुत विषयका सम्बन्धमा आगामि शैक्षिक सत्र २०८० का लागि यस विद्यालयमा नर्सरी देखि कक्षा १० सम्मका अंग्रेजी तथा नेपाली माध्यमका पाठ्यपुस्तक आपूर्ति गर्न ईच्छुक VAT/PAN मा दर्ता भएका आधिकारिक व्यक्ति वा फर्मले यही २०७९ फागुन २५ गतेभित्र आवश्यक तपसीलका कागजात सहित विद्यालयमा सम्पर्क गरी निवेदन पेश गर्नुहुन जानकारीका लागि सूचीत गरिन्छ।

**तपसील**:
१) VAT/PAN दर्ता प्रमाणपत्र सहितको व्यक्ति/फर्मको आधिकारिक व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
२) नीजी प्रकाशनको पुस्तकका हकमा नेपाल सरकारले स्वीकृति प्रदान गरेको प्रमाण सहित प्रत्येक कक्षाको सम्पूर्ण विषयहरुको १/१ सेट पाठ्यपुस्तक।
३) २०७९ चैत्र मसान्तभित्र पाठ्यपुस्तक उपलब्ध गराउन सक्ने प्रतिवद्धता पत्र।
**नोट**:- क) पाठ्यपुस्तक आपूर्ति सम्बन्धी सम्पूर्ण अधिकार विद्यालयमा निहीत रहनेछ।
ख) शर्तहरु लागु हुनेछन्।

**नारायणप्रसाद भण्डारी**
**प्रधानाध्यापक**

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।**

# स्थानीय तह शहीद स्मृति गोल्डकप मनाङ सेमिफाइनल प्रवेश

समाज संवाददाता

हेटौंडाः पाँचौ संस्करणको स्थानीय तह शहीद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता अन्तर्गत घरेलु टोली मकवानपुर-११ लाई हराउँदै मनाङ्ग मर्स्यादी क्लब सेमिफाइनल प्रवेश गरेको छ। शुक्रबार हेटौंडा-५, पिप्लेस्थित क्याम्पा रंगशालामा भएको खेलमा मकवानपुर-११ लाई मनाङले २-१ गोलअन्तरले हराएको हो ।

सेमिफाइनल प्रवेशसँगै मनाङले अब फाइनल प्रवेशका लागि नेपाल एपिएफसँग खेल्नेछ । मनाङ र एफिएफबीचको सेमिफाइनल खेल आइतबार हुनेछ । प्रतियोगिता अन्तर्गत आज शनिबार हिमालयन शेर्पा र फेन्ड्स क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको उपाधि विजेताले १५ लाख रुपैयाँ र उपविजेताले १० लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् भने विधागत उत्कृष्ट खेलाडीहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# कैलाशमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न

समाज संवाददाता

हेटौंडाः कैलाश गाउँपालिकामा बिहीबारदेखि सुरु भएको राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न भएको छ। एथलेटिक्स, तेक्वान्दो, दौड र भलिबल प्रतियोगिता आयोजना गर्दै शुक्रबार राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न गरेको हो ।

कैलाश गाउँपालिका रनिङ शिल्ड प्रतियोगिताका संयोजक लोकबहादुर मोक्तानको सभाध्यक्ष तथा कैलाश गाउँपालिका-९ का वडाध्यक्ष भुवनसिंहको प्रमुख आतिथ्यमा प्रतियोगिता समापन भएको हो। हाइजम्पमा छात्रातर्फ कालिका माध्यमिक विद्यालयकी गोमा बर्तौला प्रथम, रत्नज्योति माध्यमिक विद्यालयकी शोभा स्याङ्तान द्वितीय हुन सफल भएका छन् । यस्तै छात्रतर्फ कालिका माध्यमिक विद्यालयका प्रेम सुनार प्रथम र भवानी माध्यमिक विद्यालयका देवेन्द्र स्याङ्तान द्वितीय हुन सफल भएका छन् ।

लङजम्पमा छात्रातर्फ कालिका माविकी अनिषा कुँवर प्रथम र कालिका माविकै अस्मिता मोक्तान द्वितीय हुन सफल भएका छन् । छात्रतर्फ कालिका माध्यमिक विद्यालयका प्रेम सुनार प्रथम र सोही विद्यालयकै अनिल थिङ द्वितीय हुन सफल भएका छन्। एथलेटिक्स तर्फ १०० मिटर दौडमा छात्रतर्फ रत्नज्योति माविका सुजन जिम्बा प्रथम र कालिका माविका अनिल गोले द्वितीय हुन सफल भएका छन्। छात्रातर्फ कालिका माविकी अस्मिता मुक्तान प्रथम र सोही विद्यालयकी गोमा बर्तौला द्वितीय हुन सफल भएका छन्। यसैगरी २०० मिटर दौडमा छात्रतर्फ भवानी माविका विकास थिङ प्रथम र कालिका माविका अनिल गोले द्वितीय भएका छन् ।

छात्रातर्फ रत्नज्योति माविकी मङ्गली घलान प्रथम र कमलादेवी माविकी प्रकृति सुवेदी द्वितीय हुन सफल भएका छन्। ४०० मिटर दौडमा छात्रतर्फ रत्नज्योति माविकी निमा थिङ प्रथम र कालिका माविका सुनिल थिङ द्वितीय हुन सफल भएका छन्। छात्रातर्फ रत्नज्योति माविकी मङ्गली घलान प्रथम र कमलदेवी माविकी प्रकृति सुवेदी द्वितीय हुन सफल भएका छन् । यस्तै भलिबल प्रतियोगितामा कालिका मावि विजेता बनेका छन्। प्रतियोगितामा प्रथम र द्वितीय हुने विद्यालयका विद्यार्थीलाई कप, मेडल र प्रमाणपत्र वितरण गरिएको कैलाश गाउँपालिका शिक्षा शाखाका प्रमुख सूर्यबहादुर थिङले जानकारी दिनुभयो ।

# निर्वाचितलाई सचेतको सम्मान

समाज संवाददाता

हेटौंडाः निर्माण व्यवसायी संघ मकवानपुरमा निर्वाचित सचेत नागरिक युवा समूहका सदस्यलाई सम्मान गरिएको छ । शुक्रबार हेटौंडामा एक कार्यक्रमका बीच सचेत नागरिक युवा समूहका सल्लाहकार अनल श्रेष्ठ, कोषाध्यक्ष नवीन जोशी र सदस्य चेतबहादुर थापा मगरलाई सम्मान गरेको हो ।

हालै सम्पन्न निर्माण व्यवसायी संघ मकवानपुरको निर्वाचनमा श्रेष्ठ सर्वसम्मत कोषाध्यक्षमा निर्वाचित हुनुभएको थियो भने जोशी र मगर कार्यसमिति सदस्यमा निर्वाचित हुनुभएको थियो । सम्मान कार्यक्रमका संयोजक राजेन्द्र सापकोटाको अध्यक्षता तथा समृद्ध समाज दैनिकका सम्पादक एवम् मकवानपुर बहुमुखी क्याम्पसका सहायक प्राध्यापक सुरेश श्रेष्ठको प्रमुख आतिथ्यमा भएको सम्मान कार्यक्रममा समूहका अध्यक्ष शिवनारायण श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

सम्मान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि श्रेष्ठले सचेत युवाहरुको समूहले जिल्लाका सबै क्षेत्रमा उपस्थिति बढाउँदै लगेको उल्लेख गर्नुभयो । सचेत नागरिक युवा समूहमा आवद्ध युवाको बढ्दो उपस्थितिसँगै समूहको नेतृत्व र सदस्यले थप सतर्कता अपनाउन पनि आवश्यक भएको उहाँले स्पष्ट पार्नुभयो । सचेत नागरिक युवा समूह प्रभावशाली बन्दै जाँदा जिल्लास्थित सरकारी तथा गैरसरकारी समुदायले समूहको भूमिका र सरोकारलाई ध्यान दिने अवस्था रहेको श्रेष्ठको भनाइ थियो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी,

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# हेटौंडा क्याम्पसको स्थापना दिवसमा विविध खेलकुद कार्यक्रम

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसको स्थापना दिवस विविध खेलकुद कार्यक्रम गरी मनाइएको छ। छात्रछात्राबीच खुला ३ किलोमिटर दौड, टगअफ वार (डोरी तान्ने), बास्केट बल शिक्षक/कर्मचारीबीच व्याडमिन्ट प्रतियोगिताको आयोजना गरी शुक्रबार क्याम्पसको ३३ औं स्थापना दिवस मनाएको हो ।

खुला ३ किलोमिटर दौडमा छात्रातर्फ रोशनी घलान प्रथम हुन सफल भएका छन्। यस्तै विविका गोले द्वितीय र प्रतिज्ञा पराजुली तृतीय हुन सफल भएका छन् । छात्रतर्फ शेख स्याङ्तान प्रथम, आयुष नेगी द्वितीय र विशेक बछार तृतीय हुन सफल भएका छन्। यसैगरी डोरी तान्नेमा छात्रातर्फ बिबिएस प्रथम वर्ष प्रथम र बीबीएस दोस्रो वर्ष द्वितीय हुन सफल भएका छन् । छात्रतर्फ कक्षा–११ (बकैया सदन) प्रथम र बीबीएस दोस्रो बर्ष द्वितीय हुन सफल भएका छन् ।

शिक्षक कर्मचारीबीच भएको व्याडमिन्टन प्रतियोगितामा दिपेन्द्र ढकाल र भुपेन्द्र कोइरालाको समुह विजेता बनेका छन् । यस्तै देवीराम लामा र प्रकाश दाहालको समुह उपविजेता बनेका छन् । बास्केट बल थ्रो इनमा छात्रातर्फ रोजिता गुरुङ प्रथम र प्रनिका क्षेत्री द्वितीय भएका छन् । छात्रतर्फ मानव मोक्तान प्रथम र विकी लामा द्वितीय हुन सफल भएका छन् ।

दौडमा प्रथम, द्वितीय र तृतीय हुनेहरुले क्रमशः ३ हजार रुपैयाँ, २ हजार रुपैयाँ र एक हजार रुपैयाँसहित प्रमाणपत्र र मेडल प्राप्त गरेका छन् । डोरी तान्ने, बास्केट बल र व्याडमिन्ट प्रतियोगिताका विजेता र उपविजेतालाई क्रमशः ३ हजार रुपैयाँ, २ हजार रुपैयाँसहित प्रमाणपत्र, मेडलले पुरस्कृत गरिएको हेटौंडा क्याम्पसका उप-प्राध्यापक मनोज पोखरेलले जानकारी दिनुभयो ।

हेटौंडा क्याम्पस सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको सभाध्यक्ष तथा बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा स्थापना दिवस समारोह भएको हो । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको विशिष्ट आतिथ्य तथा हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देल, सञ्चालक समितिका सदस्य प्रदीप कोइराला, हेटौंडा क्याम्पसका प्रमुख देवचन्द्र मानन्धर लगायतको उपस्थिति थियो ।

# परीक्षाको तयारीबारे अभिभावकसँग छलफल

समाज संवाददाता

हेटौंडाः हेटौंडा-६, गौरीटारस्थित बालजागृति युवावर्ष माध्यमिक विद्यालयले बुधबार अभिभावकहरुसँग छलफल गरेको छ। आधारभूत तह (कक्षा-८) को वार्षिक परीक्षा नजिकिएसँगै अभिभावकहरुसँग विद्यालयले छलफल गरेको हो ।

विद्यालयमा विद्यार्थीको उपस्थिति नियमित हुन नसकेको सन्दर्भमा छलफल गरिएको बालजागृति युवा वर्ष माध्यमिक विद्यालयकी प्रधानाध्यापक सम्झना अधिकारीले जानकारी दिनुभयो । अभिभावकहरु काममा व्यस्त हुँदा गाईं, बाख्रा हेर्न घरमा बस्नुपर्ने र कोही विद्यालय आएपनि बीच बाटोबाट नै अन्तै जाने गरेको छलफलका क्रममा पत्ता लागेको प्रधानाध्यापक अधिकारीले बताउनुभयो ।

विद्यार्थीको प्रथम त्रैमासिक र अर्धवार्षिक परीक्षाको नतिजा पनि अभिभावकलाई देखाइएको उहाँले जानकारी दिनुभयो । जसमा अभिभावकहरुले आफ्ना बालबच्चाको नतिजा सन्तोषजनक नरहेको महसुस समेत गरेका छन् । कतिपयले गृहकार्य समेत नगरेको पाइएको छ । विद्यालयमा अभिभावकहरुलाई बोलाइएपछि विद्यार्थीमा नियमित विद्यालय आउने वातावरण समेत सिर्जना हुने अपेक्षा विद्यालयको छ।

हरेकदिन कक्षा-८ मा औषतमा ५ जना विद्यार्थी अनुपस्थित हुन थालेपछि अभिभावकहरुलाई बोलाइएको प्रधानाध्यापक अधिकारीले बताउनुभयो । १५ जनाभन्दा बढी अभिभावकको सहभागिता रहेको थियो । विद्यालय, अभिभावक र विद्यार्थीबीचको सहकार्य र समन्वयले नै शैक्षिक सुधारमा टेवा पुग्ने विद्यालयको बुझाइ छ। आगामी चैत ९ गतेदेखि संचालन हुने आधारभूत तह (कक्षा-८) को वार्षिक परीक्षाको तीव्र तयारीमा लाग्न पनि सहयोग पुगेको प्रधानाध्यापक अधिकारीले बताउनुभयो । घरमा कुन समयमा, कुन विषय पढ्ने भन्ने समय तालिका समेत विद्यालयले तयार परेको छ।

यसले विद्यार्थीलाई नियमित पढ्ने वातावरण निर्माण हुने र परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सहयोग पुग्ने दावी विद्यालयको छ । अभिभावक कविता पुडासैनीले यसरी विद्यालयले तयार परेको समय तालिकाअनुसार छोराछोरीले अध्ययन गर्छ या गर्दैन त्यसको निगरानी गरिने प्रतिबद्वता जनाउनुभयो । कक्षा-८ मा ३० जना विद्यार्थी अध्ययनरत् छन् । यस्तै विद्यार्थीको माग तथा अपेक्षाअनुसार कक्षा ४, ५, ६, ७, ८ र ९ का विद्यार्थीको पनि घरमा पढ्ने समय तालिका तयार परेर वितरण गरिएको प्रअ अधिकारीले जानकारी दिनुभयो ।




# निबन्ध प्रतियोगितामा सुशील प्रथम



*निबन्ध लेखनको कार्य गर्दै विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५, रातोमाटेस्थित जनजागृति माध्यमिक विद्यालयले निबन्ध प्रतियोगिता आयोजना गरेको छ । ९ कक्षाका विद्यार्थीबीच आयोजना गरिएको निबन्ध प्रतियोगितामा सुशील वाईबा प्रथम भएका छन्। "वातावरण स्वच्छतामा वन जंगलको महत्व" शीर्षकमा निबन्ध लेखन प्रतियोगितामा भएको हो ।

प्रतियोगितामा विकास लामा द्वितीय, गंगा लामा तृतीय र कृष्ण लामा सान्त्वना भएका छन् । प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई पुरस्कारस्वरुप शैक्षिक सामग्री वितरण गरिएको जनजागृति माध्यमिक विद्यालयका प्रधानाध्यापक केशव सञ्जेलले जानकारी दिनुभयो । प्रतियोगितामा कक्षा ९ का ३७ जना विद्यार्थी सहभागी थिए । प्रतियोगिताका लागि आवश्यक पुरस्कार सामग्री र खाजाको सब-डिभिजन वन कार्यालय रातोमाटेले प्रायोजन गरेको प्रधानाध्यापक सञ्जेलले बताउनुभयो । कार्यक्रममा सब-डिभिजन वन कार्यालय रातोमाटेकी वनअधिकृत आश्मा सुवेदी र रेञ्जर देवेन्द्र सञ्जेलको उपस्थिति रहेको थियो ।

विद्यार्थीले एक घण्टाको अवधिमा लेखेको निबन्ध विद्यालय शिक्षक, सब-डिभिजन वन कार्यालयका प्रतिनिधि सम्मिलित निर्णायक समितिले एक घण्टाको अवधिमा परीक्षण गरी प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यार्थी छनोट गरिएको प्रधानाध्यापक सञ्जेलले जानकारी दिनुभएको छ । निबन्ध प्रतियोगितामा सहभागी हुने विद्यार्थीलाई आवश्यक तयारी गर्न ५ दिन अघि नै सूचित गरिएको थियो ।

इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि

हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि

हेटौंडा-२, नगरपालिकारोड

०५७-५२४६८४/९८४३०२८६३५

## प्रजातन्त्रका आधारभुत पक्षहरू

- संवैधानिक सर्वोच्चता
- बहुलवाद
- प्रतिस्पर्धा
- विधिको शासन
- शक्तिपृथककीकरण
- मौलिक हक
- मानवअधिकार
- पूर्ण प्रेस तथा वा स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक सामाजिक तथा सांस्कृतिक विकास ।

नेपाल सरकार

विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ